# सरोकारको आइतबारे मञ्च पुन सञ्चालनमा

किशोर सेढाइ

विगतमा राष्ट्रियस्तरका समसामयिक घटनाक्रमका बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने संस्था राष्ट्रिय सरोकार समाजले आजदेखी पुन कार्यक्रम सुचारु गर्ने भएको छ । यो कार्यक्रम विगतमा २०५३ २०५६ सालसम्म नियमित प्रत्येक आइतबार सञ्चालन भएको थियो । यो संस्थाले विगतमा २०० वटा कार्यक्रम सञ्चालन हुने जानकारी संयोजक नारायण पौडेलले दिनुभयो ।

यो कार्यक्रममा समसामयिक घटनाक्रम सँगसँगै देशको जल्दोबल्दो राष्ट्रिय समस्याका बारेमा सम्बन्धित विशेषज्ञ व्यक्तिहरुलाई कार्यक्रममा सहभागी गराइने छ । र समाजका भएका विद्वान व्यक्ति जसले आफ्नो आवाज अरु ठाउँमा प्रस्तुत गर्न पाएका छैनन् तयसखालका व्यक्तिलाई पनि कार्यक्रममा सहभागी गराइने जानकारी आयोजक संस्थाले दिए । सरोकार समाजले आगामी दिनमा मासिक रुपमा बहस पैरवी भन्ने पत्रिका पनि प्रकाशन गर्ने भएको छ । सरोकार समाजले आगामी दिनमा मासिक रुपमा बहस पैरवी भन्ने पत्रिका पनि प्रकाशन गर्ने भएको छ । सरोकार समाजका अध्यक्ष ८८ वर्षीय हुतराम वैद्यले ऐक्यवद्धता मासिक पत्रिका ग्रहण गर्दै पत्रिकाको व्याख्या गर्दै यो पत्रिकाले संसारका सारा नेपालीलाइ एक आपसमा जोडेजस्तै हामी पनि पहिला एक आपसमा जोडिनुपर्छ' भन्नुभयो ।

वैद्य नेपालमा पहिलो कृषि इन्जिनियर, पहिलो योजनाविद सँगै वागमती सभ्यताका विज्ञ व्यक्तित्व हुनुहुन्छ । आजको पहिलो कार्यक्रममा सहभागी भएका विभिन्न पेशा तथा क्षेत्रसँग आवद्ध व्यक्तिहरुले कार्यक्रम पुन शुरु भएकोमा खुशी व्यक्त गर्दै कार्यक्रम निरन्तरताको लागि शुभकामना दिएका थिए ।

साभारः सोलिडारिटी नेपाल

pdfMachine by Broadgun Software